अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या : २६ मिति : २०८१।१२।१५

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यविधि, २०८१

अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति :** २०८१।१२।०४

**प्रस्तावना :** अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकासका माध्यमबाट पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनतथा पर्यटकीय क्षेत्रको प्रचार प्रसार, संरक्षण तथा सम्वर्द्धन गर्न वाञ्छनिय भएकाले

अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा (२) ले दिइएको अधिकार प्रयोग गरी 'अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यविधि, २०८१' बनाइ लागु गरिएको छ।

## परिच्छेद—१

## प्रारम्भिकः

**१.संक्षिप्त नाम र प्रारम्भ :—**

(१) यस कार्यविधिको नाम :— "अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :—** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(१) "कार्यविधि" भन्नाले अन्नपूर्ण गाउँपालिकाको स्थानीय पर्यटन विकास कार्यविधिलाई सम्झिनु पदर्छ।

(२) "उपभोक्ता" समिति भन्नाले पर्यटन विकास कार्यक्रमबाट सञ्चालन हुने आयोजनाका उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

(३) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका म्याग्दीलाई सम्झनुपर्दछ।

(४) "आन्तरिक स्रोत" भन्नाले गाउँपालिकाको आर्थिक ऐन बमोजिम गाउँपालिकालाई प्राप्त हुने आन्तरिक स्रोतको रकमलाई सम्झनु पर्दछ ।

(१) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(२) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अन्नपूर्ण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

**३. उद्देश्य :—** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(१) गाउँपालिकाका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गर्ने ।

(२) पर्यटन विकासको माध्यमबाट रोजगारी सृजना गर्ने ।

(३) गाउँपालिकाको दिगो आर्थिक समृद्धी हासिल गर्ने ।

(४) अन्नपूर्ण गाउँपालिकामा भएका पर्यटकीय क्षेत्रहरुको पहिचान, प्रवर्द्धन, संरक्षण तथा सम्वर्द्धन गरी पर्यटन प्रवर्द्धन गर्ने ।

(५) पर्यापर्यटनको विकास गर्ने ।

## परिच्छेद—२

**४. पर्यटन विकास कार्यक्रम सञ्चालन हुने क्षेत्र :** अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय भाषा, धर्म, सँस्कृती, चालचलन, भेषभुषा, परम्परागत संरक्षण, सम्वर्द्धन गर्नुका साथै अन्नपूर्ण गाउँपालिकामा नयाँ पर्यटकिय गन्तव्यहरुको पहिचान, पर्यटकिय क्षेत्रहरुको प्रवर्द्धन तथा प्रचार प्रसार र पर्यटन पूर्वाधारको विकासका माध्यमबाट अन्नपूर्ण गाउँपालिकालाई पर्यटकिय गन्तव्यका रुपमा विकास गरी समग्र म्याग्दी जिल्ला र यस क्षेत्रकै विकास गर्नको लागि पर्यटकिय संभावनाहरुहरुको पहिचान गरी पर्यटन विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

(१) संस्कृति संरक्षणः

(क) स्थानीय रितिरिवाज, चालचलन, चाडपर्व, धर्म संस्कृतिको संरक्षण,

(ख) भाषा, भेषभुषा, परम्पराको संरक्षण तथा प्रवर्द्वन,

(ग) स्थानीय, कला, सीप तथा परम्परागत प्रविधिको संरक्षण तथा प्रवर्द्धन,

(घ) संस्कृति संरक्षणका लागि महोत्सव तथा प्रर्दशनीको सञ्चालन,

(ङ) स्थानीय संग्राहालयको स्थापना तथा व्यवस्थापन ।

(२) कृषि पर्यटनः

(क) एक वडा एक उत्पादन क्षेत्र कार्यक्रम सञ्चालन,

(ख) स्थानीय रैथाने प्रजातिहरुको संरक्षणका कार्यक्रम सञ्चालन,

(ग) बिऊ बिजनको संरक्षण, बिऊ बैंकको स्थापना तथा नर्सरी सञ्चालन,

(घ) मत्स्य विकास तथा ह्याचरीको स्थापना (स्थानीय प्रजाति, ट्राउट आदि)

(ङ) आधुनिक कृषि प्रणालीलाई समेत जोड दिने ।

(३) सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनः

(क) अन्नपूर्ण गाउँपालिका भित्रका ऐतिहाँसिक, पुरातात्वीक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन,

(ख) गाउँपालिका भित्र रहेका ताल तलैयाहरुको संरक्षण, संवर्द्धन तथा ताल तलैयाहरुलाई उत्पादनमुखी बनाउने कार्यक्रम ।

(ग) गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय सम्पदाहरुलाई सूचिकृत र प्रचार प्रसार गर्ने कार्यक्रम ।

## परिच्छेद—३

## कार्यक्रम सञ्चालन विधि

**५. सार्वजनिक निजी साझेदारी कार्यक्रम :—** पर्यटन विकासका कार्यक्रमहरु सार्वजनिक निजी साझेदारीमा समेत सञ्चालन गर्न सकिनेछ ।

**६. उपभोक्ता समितिलाई प्राथमिकता :-**

(१) कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्दा लागत सहभागिता, जनसहभागिताको आधारमा कार्यसूची अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने गरी सम्झौता गरिएका आयोजना ठेकेदार मार्फत सञ्चालन गराएको पाइएमा सम्झौता रद्द गरी अन्य प्रक्रियाद्वारा आयोजना सञ्चालन गर्न सकिनेछ ।

(२) उपभोक्ता समितिबाट कार्यान्वयन गर्न सकिने भएसम्म ठेक्का पट्टाबाट नगरी उपभोक्ता समितिबाटै गर्नेगरी प्रस्ताव गर्नु पर्नेछ । अर्थात उपभोक्ता समितिलाई प्राथमिकता दिईनेछ । तर उपभोक्ता समितिबाट कार्यसम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजना जस्तै : सबै प्रकारका सभा भवन,पुल, कल्भर्ट निर्माण, ढल निर्माण, बाल उद्यान, पार्क तथा फन पार्क निमार्ण, जस्ता भौतिक पूर्वाधार विकासका आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिसँग लोडर एक्जाभेटर जस्ता ठूलो मेशिनरी सामग्रीहरु उपलब्ध नहुने भएकोले ठेक्का पट्टाद्वारा सञ्चालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद–४

## संगठनात्मक स्वरुप

### ७. अन्नपूर्ण पर्यटन विकास समिति :–

(१) यस कार्यक्रम सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकाले आर्थिक विकास समितिको संयोजकको संयोजकत्वमा प्रत्येक वडाहरुलाई समट्ने गरी पर्टयन क्षेत्रका क्रियाशिल व्यक्तिहरुको सदस्यहरु रहने गरी देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| (क) कार्यपालिकाको आर्थिक विकास समितिको संयोजक | संयोजक |
| (ख) प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी वडा समितिको सिफारिसमा पर्यटन व्यवसायमा क्रियाशिल व्यक्तिहरु ८ जना | सदस्य |
| (ग) पर्यटकीय स्रोत सम्पदा सम्बन्धी विषय विज्ञ र पर्यटन व्यवसायी मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको २ महिला सहित ३ जना | सदस्य |
| (घ) गाउँपालिका स्तरीय उद्योग बाणिज्य संघ इकाईले तोकि पठाएको व्यक्ति — १ जना | सदस्य |
| (ङ) स्थानीय पत्रकारहरु मध्येबाट १ जना प्रतिनिधि | सदस्य |
| (च) अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको प्रतिनिधि — १ जना | सदस्य |
| (छ) गाउँपालिका पर्यटन हेर्ने गरी तोकिएको कर्मचारी | सदस्य- सचिव |

समितिले आवश्यकता अनुसार कार्यपालिका सदस्य तथा बिज्ञहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

**८. अन्नपूर्ण पर्यटन विकास समितिको काम, कर्तव्य र अधिकार :—**

(क) गाउँपालिका भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको लगत संकलन, संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन कार्य गर्ने/गराउने ।

(ख) गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाहरुः हिमाल, वनजंगल, खोलानाला, चरन क्षेत्र, भ्यू पोइन्ट, ओडार, गुफा, तालतलैयाको संरक्षण तथा प्रवद्धन गर्ने/गराउने ।

(ग) गाउँपालिका भित्र पाइने वन्यजन्तु, पशुपंक्षी, जडिबुटी, खानी खनिज, नदिजन्य पदार्थहरु संरक्षण तथा प्रवर्द्धन गर्ने गराउने ।

(घ) आन्तरिक तथा बाह्य पर्यटकहरुलाई लक्षित गरी **'गन्तव्य अन्नपूर्ण'** जस्ता कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) गाउँपालिका स्तरका पर्यटन तथा संस्कृति क्षेत्रका कार्यक्रमहरुलाई प्रभावकारी बनाउनका लागि आवश्यक निर्देशन, समन्वय तथा सहयोग गर्ने ।

(च) पर्यटन प्रवर्द्वनका कार्यक्रमहरु सञ्चालन गर्न अन्नपूर्ण गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुको पहिचान गर्ने ।

(छ) नयाँ गन्तव्यको खोजी तथा सम्भाव्यता अध्ययन गरी आवधिक तथा दीर्घकालीन पर्यटन गुरु योजना निर्माण गर्ने र गर्न लगाउने ।

(ज) अन्नपूर्ण गाउँपालिकाको पर्यटन प्रवर्द्धनको कार्यक्रमको लागि गाउँ कार्यपालिकाको स्वीकृतिमा विभिन्न व्यक्ति, संघसस्थाहरुसंग सहयोग र समन्वय गर्न सक्नेछ ।

**९. समितिको सदस्यको कार्यकाल, योग्यता र बैठक :**

क) समितिको सदस्यहरुको कार्यकाल कार्यपालिकाको नियुक्ति गरे देखी २ वर्ष सम्म हुनेछ ।

ख) समितिको सदस्यहरुले कुनै कारणबाट राजिनामा दिन चाहेमा समितिको संयोजक समक्ष राजिनामा पेश गर्नुपर्नेछ र संयोजकले कार्यपालिकामा पेश गरी राजिनामा स्वीकृत गर्नेछ ।

ग) समितिको सदस्य हुनको लागि नेपाली नागरिक हुनुपर्नेछ ।

घ) समितिको सदस्य सापेक्षिक रुपमा पर्यटन सम्बन्धि जानकारी भई गाउँपालिकाको पर्यटन विकासमा योगदान पुऱ्याउन सक्ने व्यक्ति हुनुपर्नेछ ।

ङ) फौजदारी अभियोगमा सजाय नपाएको, बैंक तथा वित्तिय संस्थाको कालो सूचिमा नपरेको व्यक्ति हुनुपर्नेछ ।

च) समितिको बैठक त्रैमासिक रुपमा कम्तिमा १ पटक बस्नु पर्नेछ ।

छ) समितिले आफ्नो बैठक बस्ने कार्यविधि आफै तय गर्न सक्नेछ ।

ज) समितिले बैठकमा गरेका निर्णयहरु, प्रतिवेदनहरु कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

झ) समितिको बैठकको भत्ता अन्नपूर्ण गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम हुनेछ ।

**१०. वडा पर्यटन प्रवर्द्धन समिति गठन गर्ने सक्ने :**

१. समितिको उद्धेश्य प्राप्तिको लागि आवश्यक कार्यक्रमहरु सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन र समितिको सम्पूर्ण कामकारवाहीहरुको रेखदेख र प्रवर्द्धन गर्नको लागि एक वडा पर्यटन समिति गठन हुनेछ ।

२. वडा समितिमा देहायको सदस्यहरु रहनेछन् :

| | |
|---|---|
| क) पालिका पर्यटन समितिको संयोजकको समन्वयमा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य | संयोजक |
| ख) सम्बन्धित वडाको संघसस्थाहरु मध्येबाट वडा समितिले तोकेको १ जना | सदस्य |
| ग) पर्यटकीय स्रोत सम्बन्धी विषय विज्ञ र पर्टयन व्यवसायीहरु मध्येबाट १ महिला सहित २ जना | सदस्य |
| घ) सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |

सम्बन्धित वडाबाट गाउँपालिका स्तरिय पर्टयन समितिको सदस्यलाई बैठकमा आमन्त्रित गरिनेछ ।

**११. वडा पर्यटन प्रवर्द्धन समितिको काम, कर्तव्य र अधिकार :**

(क) वडाभित्र आन्तरिक पर्यटन विस्तारमा जोड दिने

(ख) घर बास (होम स्टे भिलेज टुरिजम) कार्यक्रमलाई प्रोत्साहन गर्ने,

(ग) एक गाउँ एक उत्पादनको पहिचान र प्रवर्द्धन गर्ने,

(घ) स्थानीय संस्कृतिको जगेर्ना र विकास गर्ने,

(ङ) पर्यटकीय पूर्वाधार विकास र विस्तार गर्ने ,

(च) पालिका पर्यटन प्रवर्द्धन समितिले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद—५

## आयोजना कार्यान्वयन प्रकृया

**१२. आयोजना कार्यान्वयन प्रक्रिया :** गाउँपालिका क्षेत्रमा पर्यटन विकासका लागि वार्षिक तथा आवधिकरुपमा बजेट विनियोजन गरिनेछ । गाउँपालिकाको बजेटबाट कार्यक्रम सञ्चालन हुने

आयोजनाहरुको कार्यान्वयन प्रक्रिया स्थानीय गाउँपालिकाको आर्थिक ऐन, कार्यविधि तथा सोको नियमावली अनुसार हुनेछ ।संघ, प्रदेश र अन्य निकायबाट हुने कार्यक्रममा यस कार्यविधिबाट असर पर्ने छैन ।

**१३. कार्यक्रम तथा आयोजना सम्पन्न गर्नु पर्ने समयावधि :—** अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास कार्यक्रमतर्फ सञ्चालन हुने आयोजनाहरु वार्षिक, वहूवर्षिय प्रकृतिका हुनेछन । वार्षिक कार्यक्रम एक आर्थिक वर्षको मसान्त भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

**१४. आयोजनाको अनुगमन :—** अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास क्षेत्रका कार्यक्रम संचालित आयोजनाको अनुगमन यस समिति र गाउँपालिकाबाट गरिनेछ । अनुगमनको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१५. विवरण सार्वजनिक गर्ने :—** अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास कार्यक्रम तर्फ संचालित आयोजना सम्पन्न भएपछि आयोजनको भौतिक उपलब्धि र खर्च सम्बन्धी विवरण सार्वजनिक गरी गाउँ कार्यपालिकामा पठाउनु पर्नेछ ।

## परिच्छेद—६

## विविध

**१७. सहयोग गर्नुपर्नेः—** यस कार्यविधि मुताविक अन्नपूर्ण गाउँपालिकाको पर्यटन विकास कार्यक्रमसञ्चालनका लागि स्थानीय प्रशासन, समुदाय, संघ संस्था तथा सरोकारवालाहरु सबैको सहयोग गर्नुपर्ने कर्तव्य हुनेछ ।

**१८. निर्देशनको पालन** :— अन्नपूर्ण गाउँपालिकामा पर्यटन विकास कार्यक्रमको सञ्चालनको लागि गाउँकार्यपालिकाको निर्देशन पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुनेछ ।

**१९. बाधा अड्काउ फुकाउनेः —** पर्यटन क्षेत्रका कार्यक्रम कार्यान्वयन वा आयोजना सञ्चालन सम्बन्धमा कुनैबाधा अड्काउ परेमा पर्यटन विकास समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाको निर्णयबाट बाधाअड्काउ फुकाउन सकिनेछ ।

**२०. खारेजी र बचाउ :** (१) अन्नपूर्ण गाउँपालिकाको स्थानीय पर्यटन विकास कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) अन्नपूर्ण गाउँपालिकाको स्थानीय पर्यटन विकास कार्यविधि, २०७६ बाट भएको काम यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

**२१. निर्देशिका बनाउन सक्ने :—** यस कार्यविधिको पूर्ण कार्यान्वयनको लागि अन्नपूर्ण गाउँ कार्यपालिकाबाट निर्देशिका तयारी गरी जारी गर्न सक्नेछ ।

राजपत्रमा प्रकाशित मिति : २०८१।१२।१५

**आज्ञाले,**

**राम प्रसाद शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**